# संसदीय खुलापन सम्बन्धी घोषणापत्र

# भूमिका

राज्यका बिभिन्न अङ्गहरुको पारदर्शिता र नागरिक प्रतिको जवाफदेहिता लोकतन्त्रको आधार स्तम्भ हो । जनताका प्रतिनिधीहरुले जनचाहनालाई विधिको रुपमा निमार्ण गर्ने र सरकारका गतिविधिको निगरानी गर्दे राज्यकोष तथा साधन स्रोतको समुचित उपयोगका लागि भूमिका निर्वाह गर्ने विधायिकी निकाय, संसदको पारदर्शीता र जवाफदेहिता प्रतिनिधिमूलक लोकतन्त्रमा ज्यादै महत्वपूर्ण हुन्छ । यसै कारण विश्वभरी नै खुला र जवाफदेही संसद सम्बन्धी मापदण्डहरु तय गरी अभ्यासमा ल्याउने गरिएको छ । खुला र जवाफदेही संसद निमार्णका लागि यस क्षेत्रमा कार्य गरिरहेका बिभिन्न सरोकारवालहरु बीच पनि यसवारे सहकार्य र समान धारणाहरु निर्माण हुदै गएका छन् । यसै सन्दर्भमा खुला संसदको आधारभूत मापदण्ड सहितको **संसदीय खुलापन सम्बन्धी घोषणापत्र** सेप्टेम्बर १५,२०१२ मा अन्तराष्ट्रिय लोकतन्त्र दिवसको अवसर पारेर सार्वजनिक गरिएको छ । पचास भन्दा बढि देशका पचहत्तर भन्दा बढी संस्थाद्वारा सुझाव र समर्थन प्राप्त यो घोषणपत्र विश्वभर बोलिने अंग्रेजी लगायत बीसभन्दा बढी भाषामा अनुवाद भई विभिन्न राष्ट्रिय स्तरमा यसबारे बहस, वकालत तथा अभ्यास भइरहेको छ ।

नेपालमा संसदीय अभ्यास सुरु भएको पाँच दशक भएको भएपनि यसले अझै संस्थागत रुप लिन सकेको छैन् । अनेक प्रकारका राजनीतिक उतार चढाव, प्रयोग र अस्थिरताका कारण नागरिक तहमा संसद तथा संसदीय गतिविधिको पारदर्शी ढंगले सूचना दिने संयन्त्रको विकास संगठित र प्रभावकारी अझै हुन सकेको छैन । यस्ता निकायको नागरिक अनुगमनले पनि संस्थागत स्वरुप पाएको छैन । तसर्थ नागरिकसमक्ष संसदीय सूचनाको पहुँच बढाउन, संसदीय प्रक्रियामा सहभागिताका लागि नागरिकको क्षमता अभिबृद्धि गर्न तथा संसदीय उत्तरदायित्वको सुदृढीकरण गर्ने सन्दर्भमा जारी गरिएको संसदीय खुलापन सम्बन्धी यो घोषणापत्र नेपालको सन्दर्भमा उपयोगी दस्तावेज हुन सक्ने हाम्रो विश्वास छ । यसले सरकार र संसदीय खुलापनलाई बढावा दिन साथै खुलापनले नागरिकको राजनितिक सहभागितालाई व्यापक बनाउन, प्रतिनिधिमूलक निकायहरुलाई अझ जिम्मेवार बनाउन तथा अन्ततः एक समुन्नत लोकतान्त्रिक समाज निर्माणलाई सुनिश्चित गर्न यस दस्तावेजको अनुकरणले हामीलाई सजिलो पार्नेछ ।

संसदीय निगरानीको क्षेत्रमा कार्यरत संघ संस्था, संसद सदस्य, संसदका कर्मचारी, राजनितिक क्षेत्र, पत्रकारिता क्षेत्र तथा अन्य सरोकारवालालाई उपयोगी र मार्गदर्शक हुन सक्ने ठानेर संसदीय खुलापन सम्बन्धी घोषणापत्रको नेपाली अनुवाद गरी प्रकाशन गरिएको

हो । यसमाथिको विचार विमर्श, अध्ययन अनुसन्धान तथा यसका मान्यताहरुको अबलम्बनले नेपालको संसदीय पारदर्शिता र जवाफदेहितामा उचित योगदान दिन थप विश्वास पनि लिएका छौं ।

संसदीय खुलापन सम्बन्धी यो घोषणापत्रको अनुवाद, सम्पादन तथा यो पुस्तिका प्रकाशन ब्यबस्थापनमा संलग्न सूचनाको हकका लागि नागरिक अभियानका कार्यकारी निर्देशक, टङ्कराज अर्याल, मित्रहरु सञ्जीव घिमिरे, बिमल थापा, सरोज विष्ट, सुशील पन्त, बिकल्प बसौला तथा बलराम दाहाललाई पनि धन्यवाद दिन चाहान्छु । साथै यसको प्रकाशनमा सहयोग पुऱ्याउने द एसिया फाउण्डेसन प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

तारानाथ दाहाल

अध्यक्ष

**सूचनाको हकका लागि नागरिक अभियान**

*२९ अगष्ट २०१२ सम्ममा संसदीय खुलापन सम्बन्धी घोषणापत्रले ५३ देश (साथै युरोपीयन युनियन तथा ल्याटीन अमेरीका) का ७६ संगठनबाट सूझाव तथा समर्थन प्राप्त गरेको छ । समर्थन जनाउने संगठनहरुको सूची यस लिंकमा उपलब्ध छ :*

***www.openingparliament.org/organizations***

# OpeningParliament.org

Openingparliament.org ले विश्वभरका संसद तथा विधायिकी निकायहरुको निगरानी, सहयोग तथा खुलापनका लागि सक्रिय नागरिक संस्थाहरुलाई एकसाथ जोड्न सहयोग प्रदान गर्दछ । यो वेवसाईट संसदीय खुलापन सम्बन्धी घोषणापत्र रहने एक ठाँउ पनि हो र उक्त साईटमा यो घोषणापत्र ब्याख्या तथा टिप्पणी सहित विभिन्न भाषामा उपलब्ध छ ।

नेशनल डेमोक्रेटीक इन्स्टीच्युट, सनलाईट फाउण्डेसन, ल्याटीन अमेरिकन नेटवर्क फर लेजिस्लेटिभ ट्रान्सपरेन्सीको संयुक्त पहलमा openingparliament.org शुरु गरिएको थियो, जसलाई ओमीड्यार नेटवर्क तथा ओपन सोसाइटी फाउण्डेसनको सहयोग रहेको थियो । openingparliament.org तथा संसदीय खुलापनको घोषणापत्र २०१२ को ३० अप्रील देखि २ मे सम्म भएको सम्मेलनको परिणाम हो । उक्त सम्मेलनमा संसदीय अनुगमनमा कार्यरत ३८ देशका संगठनहरुले एकै मञ्चमा भेला भई संसदीय पारदर्शिता, पूनः प्रयोग गर्न सकिने सूचनामा पहुँच तथा संसदीय व्यवहारको अनुगमनका लागि संसदीय असल अभ्यासको आदान प्रदान तथा तथा यसका अन्य उपयुक्त विधि र तौरतरिकालाई प्रोत्साहान गर्ने रणनीतिको वकालत गरेका थिए । सम्मेलनमा उपर्युक्त साझेदार बाहेक नेशनल एण्ड्मेण्ट फर डेमोक्रेसी, वर्ल्ड बैंक इन्स्टीच्युट तथा अमेरिका स्थित मेक्सिकन दूतावासको सहयोग रहेको थियो ।

विभिन्न भाषामा प्रकाशित यस घोषणापत्रको अनुवाद तथा प्रकाशन सहयोगका लागि निम्नलिखित संस्थालाई विशेष धन्यबादः ल्याटीन अमेरिकन नेटवर्क फर लेजिस्लेटिभ ट्रान्सपरेन्सी(स्पेनिस), नहवा अल-मवातिनिया तथा रिगार्डस् सीट्योएन्स(फ्रेन्च) कोएलिशन फर डेमोक्रेसी एण्ड सिभिल सोसाईटी(रुसी),अल क्वेद सेन्टर फर पोलिटिकल स्टडीज( अरबी)। यो दस्ताबेजको लगभग सबै भाषमा अनुबाद भईसकेको छ, बाँकी रहेका भाषामा पनि चाँडै हुनेछ । सबै भाषमा यो दस्ताबेज openingparliament.org/declaration मा उपलब्ध रहेको छ बाँकी उपलब्ध हुदै जानेछ ।

आवरणः फिल ब्रोँडेक

विस्तृत जानकारीको लागि कृपया

openingparliament.org/contact मा जानुहोस् ।

संसदीय खुलापन सम्बन्धि यो घोषणापत्र सार्वजनिक दायरामा उपलब्ध छ । कृपया यस कामको सर्जकको श्रेयका लागि openingparliament.org लाई उल्लेख गर्नु होला ।

# संसदीय खुलापन सम्बन्धी घोषणापत्र

## *कार्यकारी शारांस*

### उद्देश्यः

संसदीय खुलापन सम्बन्धी घोषणापत्र[१] नागरिक समाजको संसदीय अनुगमन संगठनहरु *Parliamentary Monitoring Organization (PMO)* राष्ट्रिय संसदहरु, उपराष्ट्रिय तथा अन्तरदेशीय विधायिकी निकायहरुकालागि खुलापन सम्बन्धी प्रतिबद्धता तथा संसदीय गतिबिधिमा नागरिक सहभागिता बढाउन गरिएको आह्वान/अपील हो । नागरिकसमक्ष संसदीय सूचनाको पहुँच बढाउन, संसदीय प्रक्रियामा सहभागिताका लागि नागरिकको क्षमता अभिबृद्धि गर्न तथा संसदीय उत्तरदायित्वको सुदृढीकरण गर्ने सन्दर्भमा *PMO* को महत्वपूर्ण भूमिकाको सह्राना गरिन्छ । सरकारी तथा संसदीय सूचनामा व्यापक पहुँच बनाउन *PMO* को मुख्य प्रर्बद्धनात्मक भूमिका भएपनि यस अलावा संसदीय सुधारका क्षेत्रमा विश्वभरका संसदहरुसंग आपसी संवादलाई बढावा दिनुपनि यसको प्रमुख उद्देश्य हो । यस घोषणापत्रले कुनै कामका लागि अपील मात्र नगरी संसदहरु तथा *PMO* बीच संवादको आधार तय गर्ने उद्देश्य समेत लिएको छ । यसले सरकार र संसदीय खुलापनलाई बढावा दिनुका साथै यस खुलापनले नागरिकको सहभागितालाई व्यापक बनाउछ, प्रतिनिधि मुलक निकायहरुलाई अझ जिम्मेवार बनाउछ तथा अन्ततः एक समुन्नत लोकतान्त्रिक समाज निर्माणलाई सुनिश्चित गर्छ ।

### इतिहासः

अन्तराष्ट्रिय संसदीय समुदायद्वारा स्वीकृत विभिन्न दस्तावेजहरुका आधारमा तयार गरिएको यो घोषणापत्रबारे शुरुमा *PMO* ओ नेतृत्वको एक सम्मेलनमा छलफल गरिएको थियो, यसको आयोजना नेशनल डेमोक्रेटिक इन्स्टीच्युट, सनलाईट फाउण्डेसन, ल्याटीन अमेरिकन नेटवर्क फर लेजिस्लेटिभ ट्रान्सपरेन्सीद्वारा वासिङ्टन डी सी मा संयुक्त रुपमा गरिएको थियो । उक्त सम्मेलन ओमीड्यार नेटवर्क, ओपन सोसाइटी फाउण्डेसन इन्स्टीच्युट, नेशनल एण्ड्मेण्ट फर डेमोक्रेसी, वर्ल्ड बैंक इन्स्टीच्युट तथा अमेरिकास्थित मेक्सिकन दूतावासको सहयोगमा अप्रील ३० देखि २ मे, २०१२ सम्म सञ्चालन भएको थियो । यस घोषणपत्रको परिमार्जित

---

[१] उत्कृष्ट अभ्यास तथा घोषणापत्रमा भएको टिप्पणीको ताजा दस्तावेजका लागि कृपया यो लिंक हेर्नुहोस् : http://www.openingparliament.org/declaration

संस्करण माथि ओपन लेजिस्लेटिभ डाटा कन्फेरेन्समा समिक्षा गरिएको थियो, जसमा सम्मेलनका सहभागिहरुको सहमति परिलक्षित थियो । उक्त सम्मेलन रिगार्डस् सीट्योएन्स, सेन्टर डट्युड्स, युरोपीनस डी साईन्सेज पो तथा मिडिया ल्याव साईन्सेज पो द्वारा संयुक्त रुपमा जुलाई ६ देखि ७ सम्म २०१२ मा पेरिसमा आयोजना गरिएको थियो । सार्वजनिक प्रतिक्रियाका लागि घोषणापत्रको मस्यौदालाई जुन ११ देखि जुलाई ३१, २०१२ सम्म अनलाईनमा राखिएको थियो । हाल openingparliament.org मा उपलब्ध यस घोषणापत्रको अन्तिम प्रारुप १५ सेप्टेम्बर २०१२ को रोममा सम्पन्न ई-पार्लियामेण्ट कन्फेरेन्समा विमोचन गरिएको थियो ।

## क्षेत्रः

**खुला संस्कृतिको प्रबर्द्धन** : संसदीय सूचना आम नागरिकको हो । कानूनद्वारा निर्धारित सिमालाई ख्याल गर्दे संसदीय सूचनाको पुनः प्रयोग वा पुनः प्रकाशन गर्न सकिने छ । संसदीय खुलापनको संस्कृति सबल बनाउन संसदले नागरिकको समावेशी संलग्नता तथा स्वतन्त्र नागरिक समाजको सुनिश्चितता गर्ने मापदण्ड तय गर्नु पर्दछ । यसले निगरानी मार्फत प्रभावकारी संसदीय अनुगमन तथा सक्रिय रुपमा यी अधिकारहरुको संरक्षणलाई सवल बनाउनु पर्दछ । संसदले नागरिकको संसदीय सूचनामा पहुँचको अधिकारको कानूनी विकल्पलाई समेत सुनिश्चित गर्नु पर्दछ । संसदीय गतिबिधि तथा कामकारवाहीवारे नागरिकको बुझाई प्रबर्द्धन गर्ने तथा खुलापन र पारदर्शिता बृद्धि गर्ने, अन्य संसदहरुसंग असल काम र व्यवहारको अनुभव आदन प्रदान गर्ने सकारात्मक जिम्मेवारी पनि संसदको हो । संसदले संसदीय सूचना पूर्ण, सही र समसामयिक छ भन्ने सुनिश्चित गर्न *PMO* र नागरिकसंग मिलेर काम गर्नेछ ।

**संसदीय सूचनाको पारदर्शिताः** संसदले संसदीय सूचनाको सक्रिय प्रकाशनलाई सुनिश्चित गर्ने नीतिहरु अबलम्बन गर्नेछ, साथै असल अभ्यासमार्फत भएका सिकाईबाट फाइदा लिन आवधिक रुपमा समिक्षा समेत गर्नेछ । संसदीय सूचना अर्न्तगत संसदको भूमिका तथा कामहरु, बिधायिकी प्रक्रियाबाट उत्पन्न सूचनाहरु लगायत नयाँ बिधेयकको पाठ तथा संशोधनहरु, भोट, संसदीय कार्यसूची तथा समय तालिका, पूर्ण बैठकका अभिलेखहरु तथा समितिका काम कारवाहीहरु, ऐतिहासिक सूचना तथा अन्य सूचना जसलाई संसदीय अभिलेखको हिस्सा मानिने छ,  जस्तै :- संसदले तयार पारेको वा संसदका लागि बनाइएको प्रतिवेदन आदी यसमा पर्दछ । संसदले संसदको व्यबस्थापन तथा प्रशासन, संसदीय कर्मचारीहरु तथा संसदीय बजेटको विस्तृत जानकारी तथा सूचना सार्बजनिक गर्नेछ ।

संसदले संसद सदस्यको पृष्ठभूमि, क्रियाकलाप तथा मुद्दा लगायत पर्याप्त सूचना उपलव्ध गराउने छ ताकि नागरिकले तिनको अक्षुण्णता, सत्यता तथा संभावित स्वार्थ बीचको द्वन्द्व आदिबारे पूर्ण जानकारी लिएर निर्णय गर्न सक्नेछन ।

**<u>संसदीय सूचनाको सहज पहुँच</u>**

सबै नागरिकलाई स्व-अवलोकन, छापा-माध्यम, रेडियो र टेलिभिजनका प्रत्यक्ष प्रशारण तथा माग अनुसारको प्रशारण जस्ता विविध माध्यमबाट भेदभावरहित तवरले बृहत्तर रुपमा सूचनाको पहुँचको सुनिश्चितता संसदले गर्नु पर्नेछ । सबै नागरिकलाई प्रत्यक्ष उपस्थित भई संसद भित्र सुन्न, हेर्न पाउने व्यबस्था हुनु पर्नेछ । यस क्रममा स्थानको उपलब्धता, सुरक्षा सीमाहरु अबलम्बन गर्न सकिनेछ । यस्ता सूचना स्पष्ट रुपमा परिभाषित तथा सार्बजानिक रुपमा उपलव्ध हुनु पर्दछ साथै सञ्चार माध्यम र पर्यवेक्षकलाई सहज पहुँचको सुनिश्चितता गर्नु पर्नेछ । संसदीय सूचना निःशुल्क रुपमा विविध राष्ट्रिय तथा कामकाजी भाषामा बिभिन्न साधनको प्रयोग गरी उपलब्ध हुनु पर्दछ । यस्ता सूचना सरलीकृत भाषामा सार बनाइ उपलव्ध गराउनु पर्दछ । जसबाट नागरिकको बृहत्तर परिधीले संसदीय सूचना बुझ्ने, लाभान्वित हुने कुराको सुनिश्चितता होस् ।

**<u>संसदीय सूचनाको बिद्युतीय सम्प्रेषणको प्रवर्द्धनः</u>**

संसदीय सूचना खुला तथा संरचनात्मक स्वरुपमा अनलाइनमा हुनुपर्नेछ, जसबाट नागरिकले विभिन्न प्रविधिको प्रयोग गरी सूचनाको विश्लेषण गर्ने तथा पुनःप्रयोग गर्ने अवसर पाउने छन् । संसदीय सूचना सम्बद्ध सूचनासंग जोड्न सकिने साथै सहज रुपमा खोज्न सकिने तथा पूर्ण रुपमा डाउनलोड गरी प्राप्त गर्न सकिने होस् । यसबाट अध्ययन अनुसन्धानमा नयाँ सञ्चार प्रबिधिको बढावा मिल्नेछ । संसदीय वेवसाइटले सिमित इन्टरनेट पहुँच भएका समाजका नागरिकलाई समेत सञ्चार आदान-प्रदान गर्न सघाउनेछ । खासगरी यस्ता समाजमा मध्यस्थहरुलाई सूचना उपलव्ध गराएर अन्ततः नागरिकसमक्ष सूचना सम्प्रेषण गर्न सकिन्छ ।

संसदीय वेवसाइटले नागरिकलाई निरन्तर आफुसँग जोडी राख्न तथा संवादका लागि अन्तरक्रियात्मक औजार र उपायको प्रयोग गर्नेछ । यसका लागि एलर्ट तथा मोवाईल सेवाको व्यबस्था गर्न सकिन्छ । संसदले गैर-वैयक्तिक स्वरुपका निःशुल्क तथा खुला स्रोतका सफ्टवेयरको प्रयोगमा प्राथमिकता दिनेछ । संसदीय सूचनाको प्राबिधिक उपयोगिता तथा सूचना प्रयोगकर्ताहरुको गोपनियताको सुनिश्चितता संसदको उत्तरदायित्व हो ।

# संसदीय खुलापन सम्बन्धी घोषणापत्र

## प्रस्तावना

समावेशी, उत्तरदायी, पहुँचयोग्य तथा जिम्मेबार संसद (विधायिकी निकायहरु) लोकतान्त्रिकरणका लागि महत्वपूर्ण मानिन्छन् किनकि यिनले कानून निर्माण गर्ने, नागरिकको प्रतिनिधित्व गर्ने तथा कार्यपालिकाको नीति कार्यान्वयन तथा कार्यसम्पादनको सुपरिवेक्षण गर्ने संबैधानिक दायित्व संगसंगै नागरिक चाहानालाई समेत प्रतिविम्वित गर्दछन् ।

संसदीय खुलापनले नागरिकलाई संसदको काम कारवाहीप्रति सुसूचित गर्न सहयोग गर्छ, नागरिकलाई विधायिकी प्रक्रियामा सहभागि हुन सघाउछ, साथै यसले संसद सदस्यहरुलाई सोध खोज गरि जिम्मेवार बनाउने नागरिक तयार पार्छ तथा नागरिक हितको प्रतिनिधित्व समेत सुनिश्चित गर्छ ।

शासनमा नागरिकको सहभागिता एवं संसदीय सूचनाको पहुँच अन्तराष्ट्रिय मानवअधिकार दस्तावेज[द] तथा अन्तराष्ट्रिय संसदीय समुदाय[घ]द्वारा अवलम्बन गरिएका लोकतान्त्रिक संसदको अन्तराष्ट्रिय मापदण्ड तथा आधारद्वारा स्थापित गरिएका छन, साथै अन्तराष्ट्रिय संगठनहरुले अनलाइन[द्ध] माध्यमवाट संसदीय खुलापनाकालागि एक सवल आधार खडा गरेका छन् ।

डिजिटल युगको आगमनले संसदीय सूचनाको सार्वजनिक उपयोगको सन्दर्भ तथा सुशासनका लागि नागरिक चाहाना बदलिएको छ, बढ्दो प्रबिधिले साझा ज्ञानको सिर्जना गर्ने तथा प्रातिनिधिमूलक लोकतन्त्रको सूचित गर्ने जस्ता अहम् प्रतिज्ञाको साथ साथै संसदीय सूचनाको पुनःप्रयोग तथा विश्लेषणलाइ सशक्त बनाएको छ ।

---

[२] *मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ र २१ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अन्तराष्ट्रिय अनुबन्धको धारा १९ र २५ समेत.*

[3] *यी मूल्य तथा मापदण्डमा इन्टर पार्लियामेण्टरी युनियन, कमनवेल्थ पार्लियामेण्टरी एसोसिएसन, साउथ अफ्रिकन डेभलपमेण्ट कम्युनिटि पार्लीयामेण्टरी फोरम, एसेम्ली पार्लीयामेण्टाएर डीला फ्रेंकाफोनी तथा पार्लीयामेण्टरी कन्फेडेरेसन अफ द अमेरिकाजद्वारा तयार पारि अबलम्बन गरिएका दस्तावेजहरु पर्दछन् ।*

[द्ध] *इन्टर पार्लीयामेण्टरी युनियन तथा संयुक्त राष्टसंघीय आर्थिक तथा सामाजिक मामिला विभागद्वारा तयार संसदीय दस्तावेजहरुको मार्गदर्शन २००९ समेत पर्दछन ।*

परम्परा, अनुभव, स्रोत साधन तथा सन्दर्भको विभिन्नताले खुलापन सुधार सम्बन्धी संसदीय प्रस्तावमा प्रभाव पार्न सक्छ, तापनि यसले संसदीय खुलापन तथा पारदर्शिताको महत्वलाई कम आक्न मिल्दैन ।

संसदीय खुलापनले पुरक बिषयका रुपमा व्यापक स्तरको सरकारी खुलापन आवश्यक ठान्छ । यसै सन्दर्भमा अझ पारदर्शी, प्रभावकारी तथा उत्तरदायी सरकार र शासनका लागि निगरानी गर्न सकिने प्रतिबद्धता प्राप्त गर्न खुला सरकार साझेदारी (open government partnership) जस्ता पहल मार्फत धेरै सरकारहरु नागरिक समाजसंग साझेदारी गरिरहेका छन् ।

बढ्दो संख्यामा रहेका संसदीय अनुगमन गर्ने नागरिक समाज तथा सहयोगी संगठनहरु संसदको लोकतान्त्रिक उत्तरदायित्वको सवलीकरणका लागि सार्थक तथा साझेदारीपूर्ण भूमिका निर्वाह गर्न चाहान्छन, तथा उक्त भूमिका प्रभावकारी रुपमा निभाउनकालागि संसदीय सूचनामा आफ्नो सहज पहुँच आवश्यक ठान्दछन् । संसदहरु तथा संसदीय अनुगमन संगठनहरु *PMO* बीच भएका सवल साझेदारीका धेरै उदाहरण छन् । जसले संसदीय सूचनाको बृहत्तर खुलापनलाई सूचित गर्दछ ।

त्यसैकारण, *PMO* समुदायका[छ] प्रतिनिधिहरुले संसदीय खुलापन सम्बन्धी निम्नलिखित सिद्धान्त निर्माण गरेका तथा यसलाई अझ बढी सुधार गर्दै लैजाने प्रतिज्ञा गरेका छन् ।

## खुलापन सम्बन्धी संस्कृतिको प्रवर्द्धन

### १ ससंदीय सूचनामा सार्वजनिक स्वामित्वको स्वीकार्यता

संसदीय सूचना सार्वजनिक हुन् । नागरिकलाई त्यस्ता सूचनाको पूर्ण वा आशिंक रुपमा पुनः प्रयोग तथा प्रकाशन गर्नको लागि अनुमति दिनु पर्नेछ । यो सिद्धान्तको कुनै अपवाद वा बन्देज कानुनद्वारा स्पस्ष्ट रुपमा परिभाषित हुनु पर्नेछ ।

### २ कानुनद्वारा खुलापन संस्कृतिको प्रवर्द्धन

कानुन निर्माणका साथै आन्तरिक कार्यविधिका नियमहरु र आचार संहिता बनाउनु संसदको काम हो, जसले सरकारी तथा संसदीय सूचनामा नागरिक अधिकारको प्रत्याभूति, खुला

---

[5] घोषणापत्रको उद्देश्यलाई समर्थन गर्ने तथा यसमा योगदान पुर्‍याउने संसदीय अनुगमन संगठनको पूर्ण र ताजा सूचिकालागि कृपया यो साइट हेर्नुहोस । http://www.openingparliament.org/organizations

सरकारको संस्कृति प्रवर्द्धन, राजनीतिक वित्तको पारदर्शितामा बढावा, अभिव्यक्ति स्वतन्त्रता एवं संगठित हुने स्वतन्त्राको संरक्षण, नागरिक तथा नागरिक समाजको विधायिकी प्रक्रियामा सहभागिताको सुनिश्चितताका लागि सहज वातावरण निमार्ण गर्न योगदान दिनेछ ।

**३ निगरानी मार्फत खुलापन संस्कृतिको संरक्षण**

संसदले आफ्नो निगरानी भूमिका निर्वाह गर्दै खुलापन सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नेछ साथै सरकारले पूर्ण पारदर्शी तवरले आफ्ना कामकारवाही सञ्चालन गर्ने तथा सरकारले समेत खुलापन संस्कृतिको प्रर्वद्धन गर्ने कार्यको प्रत्याभूति गर्नेछ ।

**४ नागरिक शिक्षाको प्रवर्द्धन**

संसदको नियम तथा कार्यविधि, संसदको काम र संसद तथा यसका  सदस्यहरुको भूमिका बारे जनमानसमा खासगरी युवाहरुमा जानकारी प्रबर्द्धन गरी नागरिक शिक्षाको सकृय संवर्द्धनको जिम्मेवारी संसदसंग रहको छ ।

**५ नागरिक तथा नागरिक समाजसँगको संलग्नता**

संसदीय गतिविधि तथा निर्णय प्रकृयामा नागरिक तथा नागरिक समाजलाई बिना भेदभाव सक्रिय रुपमा संलग्न गराउने जिम्मेवारी संसदको हो । यस प्रक्रियाले नागरिक चाहानाहरुलाई प्रभावकारी रुपमा प्रतिनिधित्व गर्छ तथा सरकारसमक्ष गुनासो राख्न पाउने नागरिकको अधिकारलाई शसक्त बनाउँछ ।

**६.स्वतन्त्र नागरिक समाजको संरक्षण**

नागरिक संघ संस्थाहरु बिना कुनै रोकटोक, स्वतन्त्रतापूर्वक सञ्चालन हुन सक्ने वातावरणको प्रत्याभूतिका उपायहरु प्रोत्साहान गर्नु संसदको जिम्मेवारी हो ।

**७.प्रभावकारी संसदीय अनुगमनको सवलीकरण**

संसदले नागरिक समाज, सञ्चारमाध्यम तथा सर्वसाधारणको संसद तथा संसद सदस्यहरुको अनुगमन गर्ने अधिकार तथा दायित्वको सम्मान गर्नेछ । संसदीय सूचनाको पहुँचमा रहेका अवरोधहरुलाई कम गर्दै, प्रभावकारी अनुगमनलाई प्रोत्साहान गर्नका लागि, संसदीय अनुगमनमा संलग्न नागरिक संगठन तथा सर्वसाधारणसंग गरिने विचार विमर्शमा संसदको सहभागिता हुनेछ ।

**८.असल अभ्यासको आदनप्रदान**

अन्य संसदहरु तथा नागरिक समाज संस्थाहरुसँग अर्न्तराष्ट्रिय एवं क्षेत्रीय रुपमा असल अभ्यासहरुको आदानप्रदान गर्ने कार्यमा संसद सक्रियतापूर्वक सहभागी हुनेछ । यस क्रियाकलापले संसदीय सूचनाको खुलापन तथा पारदर्शितामा वढावा दिनेछ, सूचना एवं सञ्चार प्रविधिको उपयोगमा सुधार ल्याउनेछ तथा लोकतान्त्रिक सिद्धान्तहरुको अनुसरण गर्न बल मिल्नेछ ।

### ९.कानूनी उपचारको प्रत्याभूति

सरकारी वा संसदीय सूचनामा नागरिकको पहुँच विवादित हुन पुगेमा नागरिकलाई कानुनी वा न्यायिक उपचारको प्रभावकारी ब्यवस्थाको सुनिश्चितता गर्ने गरी संसदले कानुन बनाउनेछ ।

### १०.पूर्ण सूचनाको संप्रेषण

केही स्थापित र स्पष्ट अपवाद बाहेक संसदीय सूचना सम्पूर्ण संसदीय गतिविधि झल्किने गरी तथा सम्भव भएसम्म पूर्णरुपमा सार्वजनिक रुपमा उपलब्ध हुनेछन् ।

### ११.समसामयिक सूचनाको उपलब्धता

संसदीय सूचनाहरु समयमै जनमानसमा उपलब्ध गराईनेछ । आधारभूत नियमका रुपमा यस्ता सूचना वास्तविक समयमानै उपलब्ध गराईनेछ । यदि यसो गर्न असंभव भएमा आन्तरिक रुपमा उपलब्ध हुनासाथ संसदीय सूचनाहरु यथाशक्य सार्वजनिक रुपमा संप्रेषण गरिने छ ।

### १२.सहि सूचनाको प्रत्याभूति

संसदले आधिकारिक अभिलेख भण्डारण प्रक्रियाको सुनिश्चितता गर्नेछ र संसदद्वारा नागरिकमा जारी गरिने यस्ता सूचना सहि छन् भन्ने कुराको प्रत्याभूति दिइनेछ ।

## संसदीय सूचनाको पारदर्शिता

### १३.संसदीय पारदर्शिताको नीति अंगीकार

संसदले त्यस्ता नीतिहरुको अवलम्बन गर्नेछ, जसले संसदीय सूचनाका साथै त्यस्ता सूचना प्रकाशित गरिने स्वरुपसम्बन्धी नीतिहरुले अग्रसक्रिय रुपमा सार्वजनिकीकरण गर्ने कुराको सुनिश्चितता गर्दछ । संसदीय पारदर्शितासम्बन्धी नीतिहरुलाई सर्वसुलभ बनाइनेछ र प्रविधिगत विकास तथा नवीनतम असल अभ्यासहरुबाट लाभ लिनका लागि उक्त नीतिहरुको आवधिक समीक्षाका शर्तहरु निर्धारण गर्नेछ । संसदसँग तत्कालका लागि विस्तृत

रुपमा संसदीय सूचना प्रकाशित गर्ने क्षमता नहुन सक्दछ, यस्तो अवस्थामा संसदीय सूचनामा बृहत्तर जनताको पहुँच सुनिश्चित गर्नका लागि संसदले नागरिक समाजसँग सहकार्य गर्नेछ ।

## १४.संसदको भूमिका तथा कार्यहरुका बारे सूचना उपलब्ध गराउने

संसदले आफ्नो तथा मातहतका समितिको संवैधानिक भूमिका, संरचना, काम-कारवाही, आन्तरिक नियमहरु, प्रशासकीय प्रकृयाहरु तथा कार्यप्रवाहका बारेमा सूचनाहरु सार्वजनिक गर्नेछ ।

## १५.संसद सदस्यहरुको सूचना उपलब्ध गराउने

संसदले नागरिकको जानकारीका लागि आफ्ना सदस्यहरुको परिचय, दलगत आवद्धता, चुनावी जनादेश, संसदमा खेलेको भूमिका, हाजिरी, निजी कर्मचारीहरुको परिचय र निज सदस्यले चाहेका अन्य कुनै पनि आफू तथा आफ्नो परिचयसँग सम्बन्धित सूचनाहरु अद्यावधिक गरी उपलब्ध गराउनेछ । संसद सदस्यहरुको संसदीय तथा निर्वाचन क्षेत्र-स्तरीय कार्यालयहरुको सम्पर्क ठेगाना समेत सार्वजनिक गरिने छ ।

## १६.संसदीय कर्मचारी तथा प्रशासन बारे सूचना उपलब्ध गराउने

संसदले संसदीय गतिविधि तथा प्रक्रियाहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रशासकीय कार्यपद्धति तथा संसदीय कर्मचारीको संरचनाबारे सूचना उपलब्ध गराउनेछ । नागरिकलाई सूचना प्रवाह गर्ने जिम्मेवारी भएका कर्मचारीको सम्पर्क ठेगाना समेत सार्वजनिक रुपमा उपलब्ध गराउनु पर्दछ ।

## १७.संसदीय एजेण्डाबारे नागरिकलाई सूचित गर्ने

नागरिकहरुलाई संसदीय गतिविधिहरुको कार्यतालिका साथै संसद बैठक सत्रको तिथी-मिति, निर्धारित मतदानसँग सम्बन्धित सूचनाहरु, संसदीय काम-कारवाहीको क्रमतालिका तथा समितिसमक्ष हुने सुनुवाईहरुको तालिकासँग सम्बन्धित दस्तावेजहरु उपलब्ध गराइनेछ । अत्यावश्यकीय कानून निर्माण गर्नु पर्ने जस्ता विशेष अवस्थाहरुमा बाहेक संसदले नागरिक तथा नागरिक समाजलाई संसदमा विचाराधीन रहेका विषयहरुमा संसद सदस्यहरुसमक्ष आफ्ना विचार राख्न दिन पर्याप्त रुपमा अग्रिम जानकारी दिनेछ ।

## १८.मस्यौदा विधेयकमा नागरिक संलग्नता

मस्यौदा विधेयक संसदमा दर्ता भएपश्चात प्रकाशनगरी सार्बजानिक गरिनेछ । संसदमा विचाराधिन रहेका विषयहरुबारे नागरिक पूर्णरुपमा सूचित हुनुपर्ने तथा आफ्ना राय व्यक्त गर्न पाउनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै संसदले प्रस्तावित कानूनका सम्बन्धमा नीतिगत छलफलका लागि पहल गर्नेछ, यसले विधेयकको पृष्ठभूमि तथा प्रारम्भिक विश्लेषण बारे जनताको बुझाईलाई थप परिस्कृत गर्नेछ ।

## १९.समितिका कारवाहीका अभिलेख प्रकाशन

समितिले तयार पारेका र समितिमा आएका प्रतिवेदन लगायतका दस्तावेजहरु, सार्वजनिक सुनुवाईका क्रममा साक्षीहरुका बयान, प्रतिलिपीहरु तथा समितिका कारवाहीका अभिलेखहरुलाई तुरुन्तै सार्वजनिक गरिनेछ ।

## २०.संसदीय मतहरुको अभिलेखीकरण

आफ्ना मतदाताको मतदान व्यवहारप्रति संसद सदस्यहरुको जवाफदेहीता सुनिश्चित गर्नका लागि संसदले अधिकांश अवस्थामा पूर्ण बैठकमा ध्वनी मतदानको प्रयोगलाई कम गरी उपस्थित मतदान वा विद्युतीय मतदानको प्रयोग गर्नेछ, जसबाट जनतालाई व्यक्तिविशेष सदस्यको पूर्ण बैठक तथा समितिहरुमा रहेको मतदान व्यवहारको अभिलेख उपलब्ध गराउन सकिन्छ । त्यसैगरी, संसदले प्रतिनिधिमार्फत गरिने मतदानलाई न्यूनिकरण गर्नेछ साथै पारदर्शिता एवं लोकतान्त्रिक जवाफदेहिताका मान्यताहरुलाई अवमूल्यन नगरिने कुराको सुनिश्चितता गर्नेछ ।

## २१.संसदको पूर्ण बैठकका कारवाहीका अभिलेखहरु प्रकाशन

संसदले यसका पूर्ण बैठकको कारवाहीका अभिलेखहरु सहज रुपमा उपलब्ध हुने गरी तयार पार्ने, व्यवस्थित गर्ने तथा प्रकाशन गर्नेछ । संसदका कारवाहीका अभिलेखलाई प्राथमिकताका साथ श्रव्य अथवा दृश्य स्वरुपमा निर्माण गरी त्यसको लिखित प्रतिलिपि वा दुरुस्त उतारगरी स्थायी तवरले अनलाइन राखिनेछ ।

## २२.संसदले तयार पारेका वा संसदलाई प्राप्त भएका प्रतिवेदनहरुको प्रकाशन

संसदद्वारा तयार पारिएका वा संसद, यसका कार्यालयहरु वा समितिहरुसमक्ष पेश गर्न लगाईएका वा पेश गर्नुपर्ने सम्पूर्ण प्रतिवेदनहरु कानूनद्वारा स्पष्ट रुपमा परिभाषित गरिएका अवस्थाहरुमा बाहेक सार्वजनिक गरिनेछन् ।

## २३.बजेट तथा खर्च बारेका सूचना प्रदान गर्ने

राष्ट्रिय बजेट तथा सार्वजनिक व्ययहरुका साथै पछिल्ला, चालु एवं अनुमानित आय तथा व्ययहरुको व्यापक, विस्तृत तथा सरल जानकारी सार्वजनिक गर्नु संसदको जिम्मेवारी हो । त्यसैगरी, संसदको आफ्नो बजेटका साथै बजेट कार्यान्वयन, बोलपत्र तथा करारहरु प्रकाशित गर्नुपर्ने जिम्मेवारी रहेको हुन्छ । सिलसिलेवार वर्गीकरणका साथै सरल भाषामा संक्षेपीकरण गरी, ब्याख्या अथवा प्रतिवेदनहरुका माध्यमबाट नागरिकको जानकारी प्रबर्द्धन गर्नका लागि बजेट सूचना सम्पूर्णतामा सार्वजनिक गरिनेछ ।

## २४.सदस्यहरुको सम्पत्ति सार्वजनिक गर्ने तथा उनीहरुको सदाचारिता सुनिश्चित गर्ने

व्यक्तिविशेष संसद सदस्यहरुको सदाचारिता र इमान्दारिताका सम्बन्धमा नागरिकलाई सुसूचित मूल्यांकन तथा निर्णय गर्ने अवसर प्रदान गर्नका लागि संसदले सदस्यहरुबारे पर्याप्त सूचना उपलब्ध गराउनु पर्नेछ । यसैगरी संसदले सदस्यहरुको सम्पत्तिको सार्वजनिकीकरण, उनीहरुको संसदीय व्ययहरु तथा गैर-संसदीय आयहरु जस्तैः- ब्याज, लाभांश, पट्टा-भुक्तानी वा अन्य  खास प्रकारको लाभ आदिका बारेमा पर्याप्त सूचना नागरिकको जानकारीका लागि सार्वजनिक गर्नेछ ।

## २५.अनैतिक आचरण तथा सम्भावित स्वार्थको द्वन्द बारे सूचना सार्वजनिक गर्ने

संसदले वास्तविक वा सम्भावित स्वार्थहरुबीचको द्वन्द तथा नैतिक आचरणको उल्लंघनबाट सुरक्षित रहन तथा सदस्यहरुको पैरवीकर्ता तथा दबाव समूहहरुसँगको अर्न्तक्रियाहरुसम्बन्धी सान्दर्भिक सूचना सार्वजनिक गर्ने कुरा सुनिश्चित गर्न स्पष्ट रुपमा परिभाषित नियमहरु निर्माण गर्नेछ । संसदले अनैतिक कार्य, स्वार्थका द्वन्दहरु वा भ्रष्टाचार आरोपहरुका सम्बन्धमा भएका कुनैपनि न्यायिक अथवा संसदीय अनुसन्धानका अन्तिम निष्कर्षहरु बारेकासूचना सार्वजनिक गर्नेछ ।

## २६.ऐतिहासिक सूचनामा पहुँच दिने

संसदका अघिल्ला सत्रहरुका सूचनालाई अंकीकरण (*डीजीटाईज्ड*) गरी नागरिकलाई चीरकालसम्म विना कुनै कानूनी अड्चन वा निःशुल्क रुपमा पुनः प्रयोगका लागि उपलब्ध गराईनेछ । संसदले आफ्नो सूचना अंकीकरण गरी सार्वजनिक गर्न नसकेको अवस्थामा संसदीय सूचनालाई विना कुनै अवरोध प्रवाह गर्ने कार्यमा सहजीकरण गर्नका लागि बाह्य

संस्थाहरुसँग मिली कार्य गर्नेछ । संसदले संसदको ऐतिहासिक सूचना नागरिक तथा संसद सदस्यहरुले हेर्न सक्ने गरी संसदीय पुस्तकालयमा सार्वजनिक पहुँच दिनेछ ।

## संसदीय सूचनामा सहज पँहुच

### २७. सूचनामा पहुँचका लागि विभिन्न माध्यमहरु उपलव्ध गराउने

संसदले स्व-अवलोकन छापा माध्यम, रेडियो र टेलिभिजन प्रसारण तथा इन्टरनेट एवं मोबाइल उपकरण प्रविधि सहित विभिन्न माध्यमहरुबाट आफ्नो कामबारेको सूचनामा पहुँच प्रदान गर्नेछ ।

### २८. भौतिक पहुँचको सुनिश्चितता

सार्वजनिक सुरक्षाको सुनिश्चितता र ठाउँको उपलब्धता लगायतका कुराले साथ दिएमा संसद र संसदको पूर्ण बैठक हरेक नागरिकलाई भौतिक उपस्थितिका लागि खुला हुनेछ ।

### २९. सञ्चार माध्यमको पहुँचको सुनिश्चितता

संसदले सञ्चारमाध्यम र स्वतन्त्र पर्यवेक्षकहरूलाई संसदीय गतिविधि तथा कारवाहीमा पूर्ण पहुँचको सुनिश्चितता गर्नेछ । सञ्चारमाध्यमलाई पहुँच प्रदान गर्ने मापदण्ड र प्रक्रिया स्पष्ट रुपमा परिभाषित र सार्वजनिकरुपमा उपलब्ध हुनेछ ।

### ३०. प्रत्यक्ष तथा माग बमोजिमको प्रसारण र प्रवाहको उपलब्धता

नागरिकलाई संसदीय कारवाहीबारे वास्तविक समय तथा चाहेका बखतमा अभिलेखमाथि पहुँच प्रदान गर्न रेडियो, टेलिभिजन र इन्टरनेट मार्फत प्रयास गरिनेछ ।

### ३१. देशभर पहुँच सहजीकरण गर्ने

सम्भव भएसम्म, संसदीय सूचनाको पहुँच भौगोलिक कठिनाईले सिमित हुनेछैन । वेवसाइटहरुको प्रयोगले विना भौगोलिक कठिनाई संसदीय सूचनाको पहुँचमा केही सहजता भएपनि इन्टरनेटको पहुँच र उपयोग सीमित भएका देशहरूमा संसदले देशभर संसदीय सूचनाहरुको सार्वजनिक पहुँचको सुनिश्चितता गर्न अन्य माध्यमहरुको खोजी गर्नेछ ।

### ३२.सरल भाषाको प्रयोग

संसदीय सूचना प्राप्त गर्न खोज्ने नागरिकलाई कानूनी वा प्राविधिक भाषा बाधक बन्ने छैन भनी संसदले सुनिश्चित गर्नेछ । कानून बनाउकालागि सटीक भाषाको आवश्यकता बोध गरिएपनि, विविध पृष्ठभूमि र विशेषज्ञता भएका संसद सदस्यहरु र नागरिकलाई संसदीय सूचना सजिलै उपलब्ध हुने र सहजै बुझ्न सकिने बनाउन सरल भाषामा सारांशहरु र यस्तै अन्य उपायहरुको विकास गर्नु संसदको कर्तव्य हुनेछ ।

### ३३. विविध राष्ट्रिय वा कामकाजी भाषाको प्रयोग

जहाँ संविधान वा संसदीय नियमले संसदमा विविध राष्ट्रिय वा कामकाजी भाषा प्रयोगको अनुमति प्रदान गर्दछ, त्यहाँ संसदले दोभाषे मार्फत संसदीय कारवाहीको समकालीक व्याख्या तथा अभिलेखको शीघ्र अनुवाद उपलब्ध गराउन समुचित प्रयास गर्नेछ ।

### ३४. निःशुल्क पहुँच

नागरिकका लागि संसदीय सूचना निर्वाध रुपमा पहुँच रहने, पुनःप्रयोग गर्न सकिने र निःशुल्क रुपमा साझेदारी गर्न सकिने गरि उपलब्ध हुनेछ ।

## संसदीय सूचनाको बिद्युतीय सम्प्रेषण

### ३५) खुला र संरचनागत दुवै स्वरुपमा सूचनाको उपलब्धता

संसदीय सूचना खुला तथा संरचनागत स्वरुपमा संकलन तथा जारी गरिनेछ, जस्तै *XML* स्वरुप, जसलाई कम्प्युटरमा पढ्न तथा अन्य किसिमले प्रयोग तथा परिष्कृत गर्न सकिन्छ । यसरी संयोजन गरिएका संसदीय सूचना नागरिक, नागरिक समाज, निजी क्षेत्र तथा सरकारी तवरमा सजिलै संग पुनःप्रयोग तथा विश्लेषण गर्न सकिन्छ ।

### ३६) प्रविधिगत उपयोगितावारे प्रोत्साहन

संसदले कुनैपनि अनलाइन डाटावेश वा अन्य माध्यम तथा यिनको प्रयोगबारे स्पष्ट निर्देशन दिई संसदीय सूचनाको प्रविधिगत उपयोगिताबारे सुनिश्चित गर्नेछ । यी उपायको अबलम्बनले संसदीय वेवसाईटबाट संसदीय सूचना पुनः प्राप्त गर्न नागरिकलाई सक्षम बनाउँछ । संसदले प्रविधिका प्रयोगकर्ता तथा यो पद्धतीविच एक तहसम्मको सहजता निर्माण गर्छ, साथै यसमा अझ सुधार गर्न र उपयोगिता बढाउन असल अभ्यासको समेत प्रयोग गर्नेछ ।

**३७) नागरिकको गोपनीयताको सुरक्षा**

संसदीय वेवसाइटमा एक स्पष्ट तथा संक्षिप्त गोपनीयता नीति हुनेछ, जसले नागरिक प्रयोगकर्ताहरुलाई कसरी तिनको व्यक्तिगत विवरण प्रयोग भैरहेछ भन्ने कुराको जानकारी देओस् । संसदीय वेवसाइटमा सूचनाको सार्वजनिक पहुँचलाई अवरोध उत्पन्न गर्ने गरी यसबाट सूचना लिन सदस्यता लिनुपर्ने वा दर्ता हुनुपर्ने प्राबधान राखिनेछैन, साथै प्रयोगकर्ताको ब्यक्त सहमतिबिना व्यक्तिगत चिनारी खुल्ने विवरण समेत खोजी गरिने छैन ।

**३८) गैर-स्वामित्व स्वरुप तथा खुला-स्रोत सफ्टवेयरको प्रयोग**

संसदले स्वामित्वरहित, खुला स्वरुपका तथा निःशुल्क र खुला-श्रोत भएका सफ्टवेर एप्लीकेशनको प्राथमिकतापूर्वक उपयोग गरी डिजीटल सूचना उपलब्ध गराउनेछ ।

**३९) पुनः प्रयोगको लागि डाउनलोड अनुमति**

संसदीय सूचना सहज रुपमा पुनःप्रयोग अनुमतिका लागि एकमुष्ट तथा उपयुक्त प्रलेखित स्वरुपमा सजिलैसंग डाउनलोड हुनेछन् ।

**४०) संसदीय वेवसाइटको उचित व्यबस्थापन**

आधुनिक तथा परस्पर अन्तरसम्बन्धित हालको विश्व परिवेशमा इन्टरनेटको सिमित उपयोग भएका राष्ट्रहरुमा पनि एक ब्यापक तथा विस्तृत जानकारी सहितको संसदीय वेवसाइटको ब्यबस्थापन तथा नियमित अपडेट संसदीय पारदर्शिता तथा खुलापनको एक महत्वपूर्ण पक्ष हो । संसदीय सूचनाहरु विद्युतीय स्वरुपमा उपलब्ध हुने तथा एक अत्यावश्यकीय सञ्चार माध्यमका रुपमा अनलाइन प्रसारणलाई मानिने कुरालाई संसदले सुनिश्चित गर्नेछ ।

**४१) सहज तथा दिगो खोजी संयन्त्रको उपयोग**

संसदले नागरिकका लागि चाहे अनुसारको संसदीय सूचना सम्भव भएसम्म छिटो र सहजै प्राप्त गर्न सक्ने बनाउनेछ । यस प्रयोजनका लागि उपयुक्त *मेटाडाटा* प्रयोग गरि सरल तथा जटिल दुवै खोज संयन्त्रलाई सक्रिय बनाई *डाटाबेस* निर्माण गरिनेछ । यस्ता सूचनाहरु लामो समयसम्म रहिरहने स्थायी प्रकृतिको स्थानबाट उपलब्ध हुनेछन्, जस्तैः- लगातार चालु रहने स्थाई प्रकृतिको URL सहितको वेवपेजलाई यसको उदाहरणका रुपमा लिन सकिन्छ ।

**४२) संबन्धित सूचनासंग जोड्ने**

संसदले सान्दर्भिक संसदीय सूचना खोजी गरी त्यस्ता सूचनालाई सम्बन्धित अन्य सूचनासंग जोड्ने नागरिकको क्षमता सुधारका लागि पहल गर्नेछ । उदाहरणका लागि कुनै विधेयकको ऐतिहासिक सन्दर्भलाई अघिल्लो संस्करणको कानूनसंग, समितिका सान्दर्भिक प्रतिवेदनहरुसंग, विज्ञका बयान तथा विचारसंग, प्रायोजित संशोधनहरुसंग तथा सम्बन्धित कानूनको कुनै पक्षबारे भएका संसदीय छलफलको अक्षरशः *(आवाज सहितको)* अभिलेखको हिस्सा संग जोडिने विषयहरु आदी यसमा पर्दछन् ।

**४३) सजग गराउने (एर्लट) सेवा प्रयोगमा जोड**

सम्भव भए सम्म संसदले नागरिकलाई बिशेष प्रकारका संसदीय गतिविधिहरुको जानकारीका लागी इमेल, एसएमएस सन्देश मार्फत सूचना प्राप्त गर्ने वा अन्य प्रविधिको प्रयोगबाट सचेत गराउने सेवा लिन सक्ने नागरिकको क्षमता निर्माणमा जोड दिनेछ ।

**४४) दोहोरो सञ्चारको सहजीकरण**

संसदले कानून निर्माण तथा अन्य संसदीय गतिविधिमा अर्थपूर्ण विचार तथा सुझाव दिन सक्ने अन्तरक्रियात्मक प्रविधि तथा उपायको प्रयोग गर्न भरमग्दुर प्रयत्न गर्नेछ । यसले संसद तथा संसदीय कर्मचारीहरुसंग दोहोरो सञ्चारलाई सहजीकरण गर्ने नागरिक क्षमता अभिबृद्धि गर्नेछ ।